# सुदूरपश्चिम प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि, २०८०

स्वीकृत मिति : २०८०/५/६

**प्रस्तावनाः** स्थानीय तहमा हस्तान्तरण हुने ससर्त अनुदानलाई व्यवस्थित एवम् प्रभावकारी बनाउन वान्छनीय भएकाले,

वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ को दफा ५ को उपदफा (३) बमोजिम सुदूरपश्चिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सुदूरपश्चिम प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "योजना आयोग" भन्नाले प्रदेश नीति तथा योजना आयोग सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ लाई सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले आर्थिक मामिला मन्त्रालय सम्झनु पर्छ।

(घ) "विषयगत मन्त्रालय" भन्नाले आर्थिक मामिला मन्त्रालय बाहेकका सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा उल्लिखित मन्त्रालय सम्झनु पर्छ।

(ङ) "ससर्त अनुदान" भन्नाले वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ को दफा ५ बमोजिमको अनुदान सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले सुदूरपश्चिम प्रदेशभित्रका गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

३. **ससर्त अनुदान प्रदान गरिने क्षेत्रः** अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ तथा ऐनको दफा ५ बमोजिम हुने गरी देहायका आयोजना तथा कार्यक्रममा प्रदेश सरकारले स्थानीय तहलाई ससर्त अनुदान उपलब्ध गराउन सक्नेछः-

(क) कृषि तथा पशुपन्छी उत्पादन, प्रवर्धन तथा बजारीकरण गर्न सञ्चालन गरिने आयोजना तथा कार्यक्रम,

(ख) सडक तथा पूर्वाधार विकासको लागि सञ्चालन गरिने आयोजना तथा कार्यक्रम,

(ग) खानेपानी, भवन तथा आवास, सिंचाई, जलस्रोत, ऊर्जा तथा नदी व्यवस्थापन सम्बन्धी आयोजना तथा कार्यक्रम,

(घ) शैक्षिक, खेलकुद तथा सामाजिक विकासका लागि सञ्चालन गरिने आयोजना तथा कार्यक्रम,

(ङ) आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा सम्बन्धी आयोजना तथा कार्यक्रम,

(च) उद्योग, पर्यटन तथा संस्कृति प्रवर्धन सम्बन्धी आयोजना तथा कार्यक्रम,

(छ) भू-तथा जलाधार संरक्षण सम्बन्धी आयोजना तथा कार्यक्रम,

(ज) विपद् व्यवस्थापन, शान्ति सुरक्षा, सूचना तथा सञ्चार सम्बन्धी आयोजना तथा कार्यक्रम।

४. **ससर्त अनुदान प्रदान नहुने क्षेत्र :** दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय अनुसारका आयोजना तथा कार्यक्रमका लागि ससर्त अनुदान उपलब्ध गराइने छैनः-

(क) राष्ट्रिय एकता, धार्मिक, सांस्कृतिक तथा सामाजिक सद्भावमा खलल पुऱ्याउने,

(ख) वातावरण संरक्षण तथा मानवीय स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने,

(ग) अन्य अनुदान तथा स्रोतबाट सञ्चालनमा रहेका आयोजनामा दोहोरो पर्ने,

(घ) राजनीतिक दल विशेषको खास उद्देश्य पूरा हुने,

(ङ) तलब, भत्ता, मसलन्द, मर्मत सम्भार, परामर्श सेवा लगायतका प्रशासनिक खर्च तथा ऋण भुक्तानीका आयोजना तथा कार्यक्रम।

५. **<u>ससर्त अनुदान प्रदान गर्ने आधारः</u>** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तय गरेको मानकलाई समेत आधार मानी विषयगत मन्त्रालयले स्पष्ट, मापनयोग्य, पूर्व निर्धारित र कार्यान्वयनयोग्य हुने गरी स्थानीय तहलाई प्रदान गरिने ससर्त अनुदानका आयोजना तथा कार्यक्रम देहाय मध्येका कुनै आधार बमोजिम छनोट गर्नु पर्नेछः-

(क) प्रदेश सरकारको अधिकार क्षेत्रभित्र रहेका स्थानीय तहबाट कार्यान्वयन गराउँदा लागतका दृष्टिले मितव्ययी एवम् प्रभावकारी हुने आयोजना तथा कार्यक्रम,

(ख) प्रादेशिक नीति, कार्यक्रम, आवधिक योजनाका निर्धारित उद्देश्य प्राप्ति हुने आयोजना तथा कार्यक्रम,

(ग) मानव विकास सूचकाङ्क, पूर्वाधार विकासको अवस्था, क्षेत्रफल, जनसङ्ख्या लगायतका विषयको आधारमा प्रदेश तथा स्थानीय तहको प्राथमिकतामा रहेका सन्तुलित विकास हुने रणनीतिक महत्वका आयोजना तथा कार्यक्रम।

६. **<u>ससर्त अनुदान रकमको न्यूनतम सीमाः</u>** दफा ३ मा उल्लिखित क्षेत्र अन्तर्गत स्थानीय तहलाई प्रदान गर्ने ससर्त अनुदानका आयोजना तथा कार्यक्रम छनोट गर्दा विषयगत मन्त्रालयले देहाय बमोजिमको न्यूनतम सीमामा नघट्ने गरी छनोट गर्नु पर्नेछः-

(क) सडक तथा पूर्वाधार विकासको लागि सञ्चालन गरिने आयोजना तथा कार्यक्रमको हकमा न्यूनतम पचास लाख रुपैयाँ,

(ख) अन्य क्षेत्र अन्तर्गतका आयोजना तथा कार्यक्रमको हकमा न्यूनतम पच्चीस लाख रूपैयाँ।

७. **<u>बजेट सीमा उपलब्ध गराउनेः</u>** (१) यस कार्यविधि बमोजिम विभिन्न आयोजना तथा कार्यक्रमको लागि स्थानीय तहलाई ससर्त अनुदान प्रदान गर्न योजना आयोग तथा मन्त्रालयले विषयगत मन्त्रालयलाई ससर्त अनुदानको बजेट सीमा र मार्गदर्शन उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम ससर्त अनुदान प्रदान गर्न प्राप्त ससर्त अनुदानको बजेट सीमाभन्दा बढीको आयोजना तथा कार्यक्रम छनोट गर्नुपर्ने भएमा विषयगत मन्त्रालयले आफूलाई प्राप्त मन्त्रालयगत बजेट सीमाभित्रबाट थप ससर्त अनुदान प्रस्ताव गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम विषयगत मन्त्रालयलाई सीमा तथा मार्गदर्शन प्राप्त नभएमा विषयगत मन्त्रालयले आफूलाई प्राप्त मन्त्रालयगत बजेट सीमाभित्रबाट स्थानीय तहलाई ससर्त अनुदान प्रस्ताव गर्न बाधा पर्ने छैन।

८. **<u>अनुदान कार्यक्रम छनोटः</u>** (१) विषयगत मन्त्रालयले स्थानीय तहलाई ससर्त अनुदान प्रदान गर्नुपर्ने भएमा यस कार्यविधि बमोजिम आयोजना तथा कार्यक्रम छनोट गरी जेठ बीस गतेभित्र प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विषयगत मन्त्रालयले आयोजना तथा कार्यक्रमको छनोट गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि गर्दा देहायका विषयसमेत अध्ययन गरी प्राथमिकीकरण गर्नु पर्नेछः-

(क) आयोजना तथा कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याई,

(ख) आयोजना तथा कार्यक्रमको कुल लागत,

(ग) आयोजना तथा कार्यक्रमको सम्भाव्यता अध्ययन (फिजिबिलिटि स्टडी प्रतिवेदन),

(घ) आयोजना तथा कार्यक्रम सञ्चालन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति,

(ङ) आयोजना तथा कार्यक्रमको ड्रइङ डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत विवरण,

(च) आयोजना तथा कार्यक्रम सम्पन्न गर्न लाग्ने समयावधि,

(छ) आयोजना तथा कार्यक्रमको प्रचलित कानुन बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

(ज) आयोजना तथा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ तथा योजनाको दिगोपना,

(झ) आयोजना तथा कार्यक्रम सम्पन्न भएपछि स्रोत परिचालनमा पुग्न सक्ने योगदान,

(ञ) समय-समयमा योजना आयोग तथा मन्त्रालयले तोकेको अन्य विवरण।

(३) विषयगत मन्त्रालयले आयोजना तथा कार्यक्रम छनोट गर्दा सम्भव भएसम्म सम्बन्धित स्थानीय तहसँग समन्वय गरी आयोजना तथा कार्यक्रम छनोट गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रम मन्त्रालयले तोकेको समय सीमाभित्र छनोट गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गराउने दायित्व विषयगत मन्त्रालयको लेखा उत्तरदायी अधिकृतको हुनेछ।

९. **<u>अनुदान रकम खर्च गर्ने विधि र प्रक्रिया:</u>** (१) स्थानीय तहले ससर्त अनुदान बापत प्राप्त रकम खर्च गर्दा देहायको प्रक्रिया अपनाउनु पर्नेछः-

(क) स्थानीय तहले ससर्त अनुदानमार्फत कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रमलाई वार्षिक बजेटमा समावेश गर्नु पर्ने,

(ख) ससर्त अनुदान रकम जुन आयोजना तथा कार्यक्रमको लागि प्रदान भएको हो सोही आयोजना तथा कार्यक्रमका लागि खर्च गर्नु पर्ने,

(ग) ससर्त अनुदान बापत प्राप्त रकम खर्च गर्दा प्रचलित खरिद कानुन तथा स्वीकृत मापदण्डको परिपालना गर्नु पर्ने,

(घ) ससर्त अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित विषयगत मन्त्रालयबाट स्वीकृत निर्देशिका, कार्यविधि वा मापदण्डको परिपालना गर्नु पर्ने,

(ङ) ससर्त अनुदानबाट प्राप्त रकमको समयमै आन्तरिक र अन्तिम लेखापरीक्षण गराउनु पर्ने,

(च) आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा कामको गुणस्तरमा विशेष ध्यान पुऱ्याउनु पर्ने तथा लाभान्वित वर्ग र समुदायबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने,

(छ) आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा कामको गुणस्तर मापन गर्ने सूचक विषयगत मन्त्रालयले निर्धारण गरेबमोजिम गर्ने,

(ज) ससर्त अनुदानबाट सञ्चालन गरिने आयोजना तथा कार्यक्रममा लागतको तीन प्रतिशतभन्दा बढी कन्टिन्जेन्सी बापतको रकम राख्न नपाइने,

(झ) आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा पारदर्शी, जवाफदेही तथा प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली अपनाउनु पर्ने।

(२) ससर्त अनुदानको आयोजना तथा कार्यक्रमको ठेक्का प्रक्रिया हुँदा आयोजना तथा

कार्यक्रमको लागत अनुमान भन्दा घटीमा ठेक्का स्वीकृत भई बचत हुने रकम कार्य सुरु भएको एक महिनाभित्र अनिवार्य रूपमा विषयगत मन्त्रालयमार्फत मन्त्रालयमा समर्पण गर्नु पर्नेछ।

(३) ससर्त अनुदानको आयोजना तथा कार्यक्रमको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमार्फत आगामी आर्थिक वर्षको साउन मसान्तभित्र प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम अनुदानको रकम फिर्ता दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम अर्को वर्ष हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्नेछ।

१०. **कार्यक्रम संशोधनः** (१) प्रदेश सरकारबाट हस्तान्तरित ससर्त अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रम संशोधन गर्नुपर्ने भएमा विषयगत मन्त्रालयले स्थानीय परिस्थितिलाई समेत ध्यानमा राखी त्यस्तो कार्यक्रमको विषयगत क्षेत्र तथा स्वीकृत बजेटमा फरक नपर्ने गरी सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय तथा कार्यक्रम संशोधन गर्नुपर्ने पुष्टयाई सहित कार्यक्रम संशोधनका लागि मन्त्रालय समक्ष प्रस्ताव गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विषयगत मन्त्रालयबाट पुष्टयाई सहित प्रस्ताव भई आएमा मन्त्रालयले आवश्यकता र औचित्य हेरी कार्यक्रम संशोधन स्वीकृत गर्न सक्नेछ।

११. **बजेट विनियोजन तथा निकासाः** (१) प्रदेश सरकारले बजेट तर्जुमा गर्दा स्थानीय तहलाई हस्तान्तरण हुने ससर्त अनुदानका सबै आयोजना तथा कार्यक्रम वार्षिक बजेटमा समावेश गर्नु पर्नेछ।

(२) आर्थिक वर्षको बीचमा कुनै पनि नयाँ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न थप ससर्त अनुदान हस्तान्तरण गरिने छैन।

(३) उपदफा (१) बमोजिम स्थानीय तहमा हस्तान्तरण हुने ससर्त अनुदान बापतको रकम प्रदेश विनियोजन ऐनमा व्यवस्था भए बमोजिम निकासा गर्नु पर्नेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट विपद्जन्य अवस्था, महामारी वा आकस्मिक परिस्थितिको रोकथाम, नियन्त्रण तथा प्रतिकार्य र पुनर्स्थापना गर्नुपर्ने अवस्था तथा अन्य कुनै विशेष परिस्थितिमा ससर्त अनुदान प्रदान गर्न सकिनेछ।

१२. **अनुगमन तथा प्रतिवेदनः** (१) ससर्त अनुदानबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रम प्रभावकारी रूपमा लक्षित प्रतिफल प्राप्त हुने गरी कार्यान्वयन भए नभएको सम्बन्धमा देहाय बमोजिमको अनुगमन समिति रहनेछः-

(क) सम्बन्धित स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष -संयोजक

(ख) आयोजना तथा कार्यक्रम सञ्चालित वडाको वडाध्यक्ष - सदस्य

(ग) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा सम्बन्धित प्रदेश सभाको सदस्यले तोकेको एक जना र विषयगत क्षेत्रको प्राविधिक कर्मचारी एक जना वा विषय विशेषज्ञलाई अनिवार्य रूपमा सहभागी गराउनु पर्नेछ।

(३) ससर्त अनुदानबाट स्थानीय तहले कार्यान्वयन गरेका आयोजना तथा कार्यक्रमको कार्य प्रभावकारी, उपलब्धिमूलक, पारदर्शी किसिमले र तोकिएको समय सीमाभित्र भए नभएको सम्बन्धमा

आवश्यकतानुसार मन्त्रालय वा विषयगत मन्त्रालय वा योजना आयोग र सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिले अनुगमन गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले कामको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाइमार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको अनुगमन समितिले अनुगमन गरी **अनुसूची** बमोजिमको ढाँचामा प्रगति प्रतिवेदन त्रैमासिक रूपमा विषयगत मन्त्रालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयमा पठाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको प्रतिवेदन विषयगत मन्त्रालयले मन्त्रालयमा पठाउनु पर्नेछ।

(७) उपदफा (१) बमोजिमको अनुगमन समितिको खर्च आवश्यक पर्ने भएमा आयोजना तथा कार्यक्रमको कन्टिन्जेन्सीबाट व्यवस्थापन गर्नु पर्नेछ।

**१३. <u>आयोजना सम्पन्न गर्नुपर्नेः</u>** (१) ससर्त अनुदानबाट सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रमहरू सोही आर्थिक वर्षभित्र अनिवार्य रुपमा सम्पन्न गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको समयावधिभित्र आयोजना तथा कार्यक्रम सम्पन्न नभएमा बाँकी कार्यको लागि रकम निकासा दिइने छैन।

तर विषयगत मन्त्रालयले उक्त आयोजना तथा कार्यक्रमलाई आगामी आर्थिक वर्षमा प्राथमिकता दिई थप कार्य गर्नका लागि प्रस्ताव गर्न सक्नेछ।

**१४. <u>ससर्त अनुदान रोक्का हुन सक्नेः</u>** (१) ससर्त अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनको प्रगति प्रतिवेदन दफा १२ को उपदफा (५) बमोजिम पेश नभएमा वा सोही आर्थिक वर्षभित्र कार्य सम्पन्न नगरेमा वा गुणस्तरीय कार्य नभएमा मन्त्रालयले आगामी किस्ताको अनुदान रकम रोक्का राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदान रकम रोक्का रहेकोमा कामको गुणस्तरमा सुधार गर्दै समयसीमाभित्र कार्य सम्पन्न गर्ने प्रत्याभूति र त्रैमासिक प्रगति प्रतिवेदन नियमित प्राप्त भएको भनी विषयगत मन्त्रालयबाट रोक्का रहेको अनुदान फुकुवाको लागि सिफारिस भएमा मन्त्रालयले उपदफा (१) बमोजिम रोक्का रहेको अनुदान रकम फुकुवा गर्न सक्नेछ।

(३) दफा १२ को उपदफा (१) बमोजिमको अनुगमन तथा मूल्याङ्कन समितिले पेश गरेको प्रतिवेदनको आधारमा ससर्त अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमले निर्दिष्ट उद्देश्य पूरा गर्न नसकेको पाइएमा सो स्थानीय तहलाई आगामी वर्ष मन्त्रालयले ससर्त अनुदानको रकम रोक्का गर्न सक्नेछ।

**१५. <u>प्रचलित कानुन बमोजिम हुनेः</u>** यस कार्यविधिमा लेखिएका विषयमा यसै बमोजिम र अन्य कुराका हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

## अनुसूची

(दफा १२ को उपदफा (५) सँग सम्बन्धित)

### अनुगमन प्रतिवेदनको ढाँचा

आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको नामः

ठेगानाः

सम्पर्क नं.

| क.सं. | योजना तथा कार्यक्रमको नाम | योजना तथा कार्यक्रम सञ्चालन भएको स्थान | स्वीकृत बजेट रु. | सम्झौता रकम रु. | ......अवधिको लक्ष्य | | .... अवधिको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

(क) अनुगमनको क्रममा कार्यान्वयनमा देखिएका समस्या तथा यथार्थ अवस्थाः

(ख) समस्या समाधानका लागि गरिएको प्रयासः

(ग) सुझाव तथा सिफारिसः

.......................
तयार गर्ने

....................................
अनुगमन समितिको संयोजक